बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# गिदोनको सानो सेना

लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।



यहोषूपछि इस्राएलको मानिसहरूले परमप्रभुलाई अनादर गरे अनि आफ्नो जीवनबाट हटाए।



परमप्रभुले
इस्राएलको
खेतीबारीहरू
अनि घरहरू
मिद्यानीहरूद्वारा
जलाइदिए।
इस्राएलीहरू
ओढ़ारहरूमा
बसे।

एक इस्राएली, गिदोनकहाँ गहुँ उमार्ने रहस्य स्थान थियो। ठूलो रूखमनि दाखको कोलमा गहुँ चुट्दै थिए।




मिद्यानीहरूलाई त्यो स्थान थाह थिएन तर परमप्रभुलाई थाह थियो। परमप्रभुले
स्वर्गदूतमा भएर गिदोनलाई खबर दिए।

गिदोनले आफ्नै पिताको झूटा देवता-देवीहरू भत्काइदिनु अनि साँचो परमेष्वरको वेदी बनाउनु भनी परमप्रभुले चाहन्थे। यद्यपि उनकै मानिसहरूले तिनलाई मार्छ भनी गिदोन डराए तर परमप्रभुले जे आज्ञा गरे त्यही तिनले गरे।



गिदोनलाई दुश्ट मिद्यानीहरूको विरूद्ध इस्राएलको सेना अगुवाइ गर्न परमप्रभु चाहनुहुन्थ्यो। तर गिदोन डराए। तिनले एउटा मुख्य चिन्ह परमप्रभु उनीसंग छ भनी मागे।





“यसपल्ट चाहिँ त्यो ऊन मात्र सुक्खा रहोस् र सबै जमीन चाहिँ षीतले भिजोस” “अनि मेरो हातबाट तपाईंले इस्राएलीहरूलाई बचाउनुहुन्छ भन्नुभएको थियो” भनी गिदोनले प्रार्थना गरे। बिहानीपख जमीन सुक्खा तर छाला भने भिजेको थियो।

गिदोनले षंका गरिरहेका थिए। तर अब तिनले भूइँ चाहिँ भिजेको अनि छाला चाहिँ नभिजेको चाहन्थ्यो। अर्को बिहानी भूइँ भिजेको थियो तर छाला चाहिँ सुक्खा थियो।



गिदोनले 32000 सेनाहरूबाट छाँट-काट गरे। परमप्रभुले 300 मानिस बनाउनुभयो। “मेरो आफ्नै हातले मलाई बचाए” भनी इस्राएलीले भनेको परमप्रभुले चाहनुहुन्थेन्। परमप्रभु मात्र इस्राएलको उद्धारकर्ता हुनुहुन्छ।



गिदान डराइनै रहेका थिए। सपनामा एक मिद्यानी सेनाले अर्को सेनालाई केही भनिरहेका थिए। सपनामा रोटीको आकार मिद्यानीहरूको विरूद्धमा झरे अनि सबै भत्काइदिए।



अरू सेनाहरू डराए। “यो गिदोनको तरवार हो” भनी तिनीहरूले कराएर भने। जब गिदोनले सपना अनि त्यसको अर्थ सुने उनलाई थाह भयो कि परमप्रभुले तिनलाई विजय दिनुहुन्छ।



गिदोनले राती आक्रमण गर्न योजना बनाए। तिनले सेनाहरूलाई तुरही अनि खाली गाग्रोसंग राँको दिए। तिनीहरूले मिद्‍यानी सेनाहरूलाई घेरे।



जब गिदोनले चिन्ह दिए अनि सबैले आफ्ना तुरही फुके र गाग्रो फुटाए, तब देब्रे हातमा राँको र दाहिने हातमा तुरही लिएर कराए। कस्तो हल्ला! कस्तो अलमल्ल परेको! तब डराएका मिद्यानीहरू उठे अनि भागे।



महान् विजयपछि इस्राएलका मानिसहरूले गिदोनलाई तिनीहरूमाथि षासन गर्न भनी भने।



“मैले षासन गर्ने होइन तर परमप्रभुले षासन गर्नुहुन्छ” भनी गिदोनले भने। तिनलाई थाह थियो कि मानिसहरूमाथि परमप्रभुलेनै षासन गर्न अधिकार छ।



# गिदोनको सानो सेना

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

न्यायकर्ता 6-8

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन ।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर ।

यूहन्ना ३:१६